नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

बबरमहल




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधिः- २०८१/०१/०१ - २०८१/०३/३१

# बिषयसूची


**१. केन्द्रको स्वरुप र प्रकृति** १

**१.१ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण** २

१.१.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण ३

१.१.२ जलबायु व्यवस्थापन शाखा ३

१.१.३ बजेट तथा कार्यक्रम शाखा ३

१.१.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा ४

१.१.५ आर्थिक प्रशासन शाखा ४

**२. केन्द्रबाट प्रदान गरिने सेवा** ५

२.१ केन्द्रको नागरिक बडापत्र ५

२.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी ६

**३. सम्पादन गरेको कामको विवरण** ६

३.१ समग्र प्रगति ६

३.२ आर्थिक वर्ष २०८०।८१ को वैशाख देखी असार मसान्त सम्मको प्रगति ७

**४. सूचना अधिकारी र प्रमुखको नाम** ८

**५. केन्द्रको बजेट सम्बन्धी विवरण** ९

**६. केन्द्रको आ.व. ०८०।८१ को असार महिना सम्मको प्रगति विवरण** ९

**७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण** १०

**अनुसुची १ २०८१ असार महिनाको खर्चको फाँटवारी** ११

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः- रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं ।**

## १. केन्द्रको स्वरुप र प्रकृति


वन विनास रोक्ने, वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको समष्टिगत रुप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँच वटा क्रियाकलापहरु (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन सञ्चिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन, र (५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन् ।

नेपालमा रेडप्लसको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय अन्तरगत विभागस्तरको छुट्टै संरचनाको रुपमा रेड कार्यान्वयन केन्द्रको स्थापना भएको हो । नेपाल सरकारले रेड कार्यान्वयन केन्द्र मार्फत आ.व. २०६६।६७ देखि रेडप्लस सम्बन्धि विभिन्न कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

रेडसँग सम्बन्धित बहुसरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गराउनुको लागि उच्च तहमा वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीज्यूको अध्यक्षतामा सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगका सचिव र प्रदेशका वन हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु र वन व्यवस्थापनसम्बन्धी संघ/संस्थाका प्रतिनिधिहरु सदस्य र रेड कार्यान्वयन केन्द्रको केन्द्र प्रमुख सदस्य सचिव रहने गरी एक बहुपक्षीय, बहुसरोकारवाला, उच्चस्तरीय संरचनाको रुपमा राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ । यस संरचनाको मुख्य उद्देश्यहरु रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । दोस्रो तहमा वन तथा वातावरण मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा राष्ट्रिय रेडप्लस समन्वय समिति रहेको छ । यस समितिमा नेपाल सरकारको तर्फबाट १२ जना, नागरिक समाजको तर्फबाट कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना गरी जम्मा २१ जना सदस्यहरु रहेका छन् । यस समितिको मुख्य उद्देश्य रेड कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि राष्ट्रिय रेडप्लस रणनीति बमोजिम एकिकृत गर्न मद्दत गर्ने र रेडप्लस कार्यक्रमको अनुगमन गर्ने र यसको रचनात्मक उपाय निकाल्ने रहेको छ ।

## १.१ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रमा वजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सुचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । यसको कार्यालय बबरमहलको वन परिसरमा रहेको छ ।




चित्र नं १: रेड कार्यान्वयन केन्द्रको कार्य सम्बन्धित संस्थागत संरचना

### १.१.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण:

- रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुऱ्याउने ।
- रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- वन क्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने ।
- रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने ।
- रेडप्लसमा सुरक्षा कवच (सेफगार्ड) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने ।
- राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।
- राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने ।
- रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने ।
- वन कार्वनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्वन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने ।

### १.१.२ जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकुलन सम्बन्धि आयोजना सोचपत्रहरु तयार गरी केन्द्र प्रमुखसमक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकुलन सम्बन्धि कार्यक्रमबारे सोचपत्र तयार गर्ने ।
- वनमा आधारित समानुकुलन कार्यक्रमको सम्पर्क विन्दुको रुपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमूना परिक्षणका रुपमा कार्यान्वयन भइरहेको समानुकुलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी सेमिनार आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

### १.१.३ बजेट तथा कार्यक्रम शाखा

- रेडप्लस कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालिन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समयभित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण, आदिबारे कार्यक्रम स्वीकृत गराइ कार्यान्वयन गर्ने ।
- कार्यक्रम/आयोजनाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाइ पठाउनु पर्ने प्रगती विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Midterm Review, Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण), Emissions Reductions Program Idea Note ER-PIN (उत्सर्जन न्यूनीकरण कार्यक्रम अवधारणापत्र) र

Readiness-Package (तयारी प्याकेज) तयार गर्ने कार्यमा सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।

- RPP कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवम् क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण) नमूना परिक्षणबाट प्राप्त भएका सिकाई र अभ्यासहरुको जानकारी/विवरण सङ्कलन गरी मस्यौदा तयार गर्ने ।
- रेडप्लस नमूना परिक्षण सम्बन्धि विवरण अध्यावधिक गरी वेभसाइट (Website)मा प्रविष्ट गर्न सहयोग गर्ने ।
- रेडप्लस सम्बन्धि प्रचार प्रसार सामाग्रीहरु तयारी तथा उत्पादन गर्न मस्यौदा तयार गर्ने तथा समन्वय गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरि सोको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरि पेश गर्ने ।
- राष्ट्रिय रेडप्लस केन्द्र र बहु सरोकारवालाहरुको बैठक/गोष्ठीको लागि आवश्यक तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.१.४ दुर संवेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण) सँग सम्बन्धित अध्ययन कार्य गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवम् विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेडप्लस कार्यान्वयनको लागि आवश्यक पर्ने कार्वन मापन, अनुगमन प्रतिवेदन तथा प्रमाणिकरणसँग सम्बन्धित विषयबस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भइ अभिलेख अद्यावधिक गर्ने ।
- कार्वन मापन र आकलन गर्ने सम्बन्धि सञ्चालित नमूना कार्यलाई राष्ट्रिय रेडप्लस केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययन कार्यमा सलग्न सेवा प्रदायकसँग फोकल व्यक्तिको रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गरी एकाइ प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयार सम्बन्धि नविनतम प्राविधिक ज्ञानबारे अध्ययन/अनुसन्धान गरी सहकर्मी वीच आदान प्रदान गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.१.५ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने ।

- लेखापरीक्षण गराउने ।
- बेरुजुको लगत राखि फछ्यौंट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २. केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट निम्न सेवाहरु प्रदान गरिन्छ ।

- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा भएका दस्तावेजहरु उपलब्ध गराउने तथा सुझावहरु उपलब्ध गराउने तथा सोही बमोजिम व्यापारको लागि आवश्यक तयारीका लागि कार्य गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा उपलब्ध स्रोत अनुरुप सहयोग गर्ने ।
- माथि उल्लेखित कार्य विवरण अनुरुप कार्यहरु गरी सेवा प्रदान गर्ने ।

### २.१ केन्द्रको नागरिक बडापत्र

यस केन्द्रको नागरिक बडापत्र निम्नानुसार रहेको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**

**नागरिक बडापत्र**

| सि.नं. | सेवाको प्रकार | सेवा प्राप्त गर्दा पुर्याउनुपर्ने प्रकृया | सम्पर्क गर्नुपर्ने व्यक्ति तथा शाखा | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी वा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | रेड सम्बन्धी प्रचार प्रसार सामग्री वितरण | १. मौखिक तथा लिखित निवेदन<br>२. धेरै संख्यामा चाहिने भएमा संस्था वा कार्यालयको पत्र | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | नलाग्ने | उपलब्धता अनुसार तुरुन्तै | केन्द्र प्रमुख |
| २ | रेड कार्यक्रम सम्बन्धी जानकारी प्रदान | विषय अनुसारको शाखाहरुमा सम्पर्क राख्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्बन्धीत शाखा | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ३ | परामर्श खरिद सम्बन्धी जानकारीको लागि सेवा प्रवाह | रितपुर्वक निवेदन दिनुपर्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्बन्धीत शाखाहरु | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ४ | स्वीकृत प्रतिवेदनहरु आवश्यक भएमा | सम्बन्धीत शाखाहरुमा सम्पर्क तथा इमेल गर्न सकिने | सम्बन्धीत शाखाहरु | १० पेज भन्दा बढीको हकमा रु. ५ प्रति पेज | ३ दिन | केन्द्र प्रमुख |
| ५ | सुची दर्ता सम्बन्धमा | सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमको निवेदन | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | रु. १० को टिकट टाँस गरी पेश गर्नुपर्ने | ३ दिन | केन्द्र प्रमुख |

### २.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्र प्रमुख | नवराज पुडासैनी | सहसचिव (प्रा.) | |
| २ | कार्यक्रम तथा बजेट शाखा | प्रकाश नेपाल | उपसचिव (प्रा.) | |
| ३ | | विष्णुकुमारी अधिकारी | भू संरक्षण अधिकृत | |
| ४ | जलवायु व्यवस्थापन शाखा | प्रकाश थापा | उपसचिव (प्रा.) | |
| ५ | | सुजस प्रसाद फुयाँल | वन अधिकृत | |
| ६ | दूर संवेदन तथा भू सुचना प्रणाली शाखा | प्रकाश थापा | उपसचिव (प्रा.) | |
| ७ | | शान्ता काफ्ले | वन अधिकृत | |
| ८ | आर्थिक तथा प्रशासन शाखा | सविता रिजाल | लेखा अधिकृत | |
| ९ | | तारा प्रसाद पुन | नायब सुव्बा | |
| १० | | प्रभा भट्टराई | लेखापाल | काज |
| ११ | | रनिता राई | स.कम्प्युटर अपरेटर | |

## ३. सम्पादन गरेको कामको विवरण

सम्पादन गरेको कार्यहरुलाई समग्र र त्रैमासिक अनुसार (आर्थिक वर्ष २०८०।८१ को वैशाख देखी असार मसान्त) प्रस्तुत गरिएको छ ।

### ३.१ समग्र प्रगति

यस केन्द्रको कार्यहरुलाई समग्रमा प्रस्तुति गर्दा सान्दर्भिक हुने महसुस गरेर प्रस्तुति गरिएको छ ।

- नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धि अभिसन्धिको रेड प्लेटफर्ममा प्रकाशित भएको ।
- राष्ट्रिय रेडप्लस रणनीति (National REDD+ Strategy) (मा. मन्त्रीस्तरको मिति २०७५।०१।०६ को निर्णय अनुसार) स्वीकृत भएको ।
- वन लगानी योजना (Forest Investment Plan) तयार गरी विश्व वैंकको जलवायु लगानी कोषमा पेश गरेकोमा वि.स. २०७४ मंसिर २६ देखी २७ मा विश्व वैंकको प्रधान कार्यालय वाशिङटन डि.सी.मा बसेको जलवायु लगानी कोषको बैठकले उक्त लगानी योजना स्विकृत गरेको थियो ।यसै अनुरुप समृद्धिको लागि वन परियोजना दस्तावेजको तयार गरी पेश गरेको ।उक्त परियोजना विश्व बैंकको बोर्डबाट सन् २०२० को जुन महिनामा स्वीकृत भएको र नेपाल सरकारले समेत रूपान्तरणकारी आयोजनाको रूपमा समेटेको ।
- तराई भूपरिधि क्षेत्रका १३ जिल्लाका लागि कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document-ERPD) कार्वन कोषको पोर्टफोलियोमा समाबिष्ट गरिएको । रेड कार्यान्वयन केन्द्रबाट सञ्चालन गरिने कार्यहरु वार्षिक १३ जिल्लाहरुमा प्राथमिकतासाथ सञ्चालन भैरहेको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयार भै स्विकृत भएको ।

- उत्सर्जन न्युनिकरण कार्यक्रमको लाभांस बाँडफांड योजना तयार भै स्विकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पेश भएको।
- रेडप्लस कार्यक्रम अन्तरगत तराईका १३ जिल्लाहरुमा कार्यान्वयन भैरहेको Emission Reduction Program (ERP) बाट उत्सर्जन न्यूनीकरण र कार्वन संचिति बापत् प्राप्त हुने भुक्तानी सम्झौता Emissions Reduction Payment Agreement (ERPA) सन् २०२१ को फेब्रुअरी २४ का दिन नेपाल सरकार र विश्व बैंक विच सम्पन्न भएको ।
- रेडप्लस कार्यक्रमलाई टेवा पुर्याउने गरी तयार भएको सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयन गर्न नेपाल सरकार र विश्व बैंक विच मार्च १९, २०२१ को दिन सम्झौता भएको । यो कार्यक्रम लुम्बिनी प्रदेश र मधेश प्रदेशका २५ – २५ वटा स्थानीय तहमा लागू भैरहेको ।
- विश्व बैंकको वन कार्वन साझेदारी संयन्त्र (Forests Carbon Partnership Facility- FCPF) को अनुदान सहयोगमा सञ्चालित रेडप्लस रेडिनेस सहयोग कार्यक्रम सन् २०१७ देखी शुरू भै सन् २०२२ को डिसेम्बरमा सम्पन्न भएको ।
- नेपालले सन् २०२१ मा लिफ कोलिसनमा कार्बन व्यापारको लागि प्रस्ताव तयारी गरी पेश गरेको र उक्त प्रस्ताव मूल्यांकन गरी लिफ कोलिसनको तर्फबाट प्रारम्भिक चरणमा उक्त प्रस्ताव छनौट समेत भैसकेको छ । लिफ र लिफमा सहभागी साझेदार बिचको प्रशासनिक समन्वयकर्ताको रुपमा इमर्जेन्ट भन्ने संस्थाले काम गरी रहेको छ । यसरी सन् २०२१ मै नेपाल सरकार र इमर्जेन्ट बीचमा सम्झौता भैसकेको छ । यस सम्झौता अनुसार नेपालको गण्डकी, लुम्बिनी र बागमती प्रदेशलाई कार्यक्षेत्रको रुपमा लिईएको छ र यस सम्झौताको समयावधि २०२२ देखि २०२६ सम्म हुनेछ । सम्झौता भैसके पश्चात अहिले उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताको लागि नेपाल सरकार र लिफ कोलिसन बीच बारम्वार वार्ताको क्रममा रहेको छ । यसै क्रियाकलापसँग सम्बन्धित रही रेड कार्यान्वयन केन्द्रले UN REDD को आर्थिक सहयोगमा प्रदेश र क्लस्टर स्तरमा जानकारीमुलक अन्तरकृया गोष्ठीहरु संचालन गर्ने कामहरु समेत गरेको छ । यसरी प्रदेश स्तरमा हेटौडा, पोखरा र बुटवलमा ३ वटा गोष्ठीहरु संचालन गरिएका छन भने क्लस्टर स्तरमा लिफ सम्बन्धित ३ वटा प्रदेशका विभिन्न ९ स्थानमा यस प्रकारका जानकारीमुलक गोष्ठीहरु संचालन गरिएका छन् ।

## ३.२ आर्थिक वर्ष २०८०।८१ को वैशाख देखी असार मसान्त सम्मको प्रगति

- रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमसँग सम्बन्धित कृयाकलापहरू:
  - रेड फोकल पर्सन तथा सरोकारवालाहरुको गोष्ठी मुगुमा सम्पन्न भएको ।

- सम्बृद्धिको लागि वन कार्यक्रमसँग सम्बन्धित कृयाकलापहरू:
  - जिन्सी तथा लेखा व्यवस्थापन तालिम बर्दिबास र सिमरामा सम्पन्न भएको ।
  - वन क्षेत्रमा सुशासन सम्बन्धी गोष्ठी बाँके, नगरकोट, काठमाडौं र धुलिखेलमा सम्पन्न भएको ।

- वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनका लागि वन उद्यम, सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी कार्यक्रम सम्पन्न भएको ।
- काष्ठ प्रविधिको विकास विस्तार र उपयोग सम्बन्धी उद्यम उद्यमी विज्ञ विकासकर्ता आदिसँग समन्वय छलफल अन्तर्क्रिया बदिर्बासमा सम्पन्न भएको ।
- वन उद्यम वन विस्तार वन क्षेत्र व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न भएको ।
- सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयनका लागि तयार गरिएको Stakeholder Engagement Plan का सम्बन्धमा सरोकारवालाहरु सँग गोष्ठी सञ्चालन भएको ।
- सम्बृद्धिको लागि वन परियोजनको आयोजना निर्देशक समितिको बैठक सम्पन्न भएको ।
- प्रचार प्रसार सामग्री प्रकाशन अन्तर्गत जलवायु परिवर्तन एवं रेडप्लस शब्दावली, Directory of Timber Enterprises in Nepal, डायरी, वृक्षारोपण सम्बन्धी ब्रोसर प्रकाशन भएको ।
- वन कर्मचारीहरुको क्षमता विकास तालिम अन्तर्गत Climate Change, REDD+ and Carbon Accounting सम्बन्धी गोष्ठी सम्पन्न भएको ।
- परियोजनाको मध्यावधी मुल्याङ्कन सम्पन्न भएको ।

- विविध कृयाकलापहरु:
  - रेडप्लस कार्यक्रम तथा वन क्षेत्रको उत्सर्जन न्यूनीकरण परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी मार्गदर्शन तयारीका सम्बन्धमा सरोकारवालाहरुसँग छलफल एवम् मस्यौदा वन तथा वातावरण मन्त्रालयमा पेश भएको ।
  - Nepal national REDD Strategy (2018-2022) review and evaluation का सम्बन्धमा सरोकारवालाहरु सँग छलफल भएको ।
  - सम्बृद्धिको लागि वन कार्यक्रमको संचालनका सम्बन्धमा PPMU तथा स्थानिय तह सँग निरन्तर समन्वय भैरहेको ।
  - IDA 21 FFPP expo coordination and participation.

## ४. सूचना अधिकारी र प्रमुखको नाम

| केन्द्र प्रमुख | सूचना अधिकारी |
|---|---|
| नवराज पुडासैनी, सह सचिव (प्रा.)<br>Email: info@redd.gov.np<br>फोन: ९८५५०७१६४५, ०१- ५३३९१२६ | प्रकाश थापा, उप सचिव (प्रा.),<br>Email: info@redd.gov.np<br>फोन: ९७६७६५७०१०, ०१- ५३३९१२६ |

## ५. केन्द्रको बजेट सम्बन्धी विवरण

यस केन्द्रको आ. व. २०८०/०८१ को लागि रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ बजेट उपशिर्षक नं. ३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. २,०२,००,०००।- र सम्बृद्धिको लागि वन कार्यक्रम तर्फ बजेट उपशिर्षक नं. ३२९००१०५३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. ५,४२,००,०००।- (संशोधन समेत) रहेको छ ।

## ६. केन्द्रको आ.व. २०८०/०८१ को असार महिना सम्मको प्रगति विवरण

यस केन्द्रको गत आ.व. ०८०।८१ को असार महिना सम्मको प्रगति तालिका १ मा दिइएको छ । साथै यस केन्द्रको २०८१ असार महिनाको खर्चको फाँटवारी अनुसुची १ मा राखिएको छ ।

**तालिका नं १: केन्द्रको आ.व. ०८०।८१ को असार महिना सम्मको प्रगति**

| कार्यक्रम/ आयोजना | वार्षिक बजेट तथा खर्च (लाखमा) | | | | वितिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | | हालसम्मको खर्च | | | |
| | चालु | पूँजीगत | चालु | पूँजीगत | | |
| रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २०२ | ० | १५४ | ० | ७६.३९% | ९५.७५% |
| सम्वृद्धिको लागि वन कार्यक्रम | ५४२ | ० | ३६१ | ० | ६६.६५% | ९५% |

## ७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस केन्द्रका सूचनाहरु केन्द्रको website http://redd.gov.np/ मा राखे गरिएको तथा विभिन्न पुस्तक, पोस्टर, ब्रोसरका रुपमा प्रकाशित गर्ने गरिएको छ।

# अनुसुची १ २०८१ असार महिनाको खर्चको फाँटवारी

म.ले.प. फाराम नं:२१०

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
रेड कार्यान्वयन केन्द्र
कार्यालय कोड नं : ३२९०१३५०३

**खर्चको फाँटवारी**

(छाप: नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं, नेपाल)

बजेट उपशीर्षक नम्बर: ३२९००१०२३ — आर्थिक वर्ष: २०८०/८१

आयोजना/कार्यक्रम नाम: रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम — महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21111 पारिश्रमिक कर्मचारी | | | | | ८,८००,०००.०० | ७,६३९,८८०.२० | ७,०३४,०९३.०० | ६०५,७८७.२० | ७,६३९,८८०.२० | ०.०० | ७,६३९,८८०.२० | १,१६०,११९.८० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,८००,०००.०० | ७,६३९,८८०.२० | ७,०३४,०९३.०० | ६०५,७८७.२० | ७,६३९,८८०.२० | ०.०० | ७,६३९,८८०.२० | १,१६०,११९.८० |
| 21121 पोशाक | | | | | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० |
| 21132 महंगी भत्ता | | | | | ३००,०००.०० | २४२,०००.०० | २२२,०००.०० | २०,०००.०० | २४२,०००.०० | ०.०० | २४२,०००.०० | ५८,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | २४२,०००.०० | २२२,०००.०० | २०,०००.०० | २४२,०००.०० | ०.०० | २४२,०००.०० | ५८,०००.०० |
| 21134 कर्मचारीको बैठक भत्ता | | | | | २००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | १६०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | १६०,०००.०० |
| 21139 अन्य भत्ता | | | | | १००,०००.०० | ३३,८००.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ६६,२००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ३३,८००.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ६६,२००.०० |
| 21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | | | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 21213 योगदानमा आधारित बीमा कोष खर्च | | | | | १००,०००.०० | ४६,०००.०० | ४२,४००.०० | ३,६००.०० | ४६,०००.०० | ०.०० | ४६,०००.०० | ५४,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ४६,०००.०० | ४२,४००.०० | ३,६००.०० | ४६,०००.०० | ०.०० | ४६,०००.०० | ५४,०००.०० |
| 22111 पानी तथा बिजुली | | | | | ५००,०००.०० | २९३,७४८.०० | २८७,७४८.०० | ६,०००.०० | २९३,७४८.०० | ०.०० | २९३,७४८.०० | २०६,२५२.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | २९३,७४८.०० | २८७,७४८.०० | ६,०००.०० | २९३,७४८.०० | ०.०० | २९३,७४८.०० | २०६,२५२.०० |
| 22112 संचार महसुल | | | | | ३००,०००.०० | ८२,०५०.०० | ६४,५५०.०० | १७,५००.०० | ८२,०५०.०० | १७,०००.०० | ६५,०५०.०० | २१७,९५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ८२,०५०.०० | ६४,५५०.०० | १७,५००.०० | ८२,०५०.०० | १७,०००.०० | ६५,०५०.०० | २१७,९५०.०० |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ६००,०००.०० | ३८५,५६६.९५ | ३६९,०१६.९५ | १६,५५०.०० | ३८५,५६६.९५ | ०.०० | ३८५,५६६.९५ | २१४,४३३.०५ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | ३८५,५६६.९५ | ३६९,०१६.९५ | १६,५५०.०० | ३८५,५६६.९५ | ०.०० | ३८५,५६६.९५ | २१४,४३३.०५ |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | ५००,०००.०० | ४३,१९०.०० | ४३,१९०.०० | ०.०० | ४३,१९०.०० | ०.०० | ४३,१९०.०० | ४५६,८१०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ४३,१९०.०० | ४३,१९०.०० | ०.०० | ४३,१९०.०० | ०.०० | ४३,१९०.०० | ४५६,८१०.०० |
| 22214 बीमा तथा नवीकरण खर्च | | | | | ४००,०००.०० | २०३,९९७.५० | १३९,८३०.०० | ६४,१६७.५० | २०३,९९७.५० | १११,०००.०० | ९२,९९७.५० | १९६,००२.५० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | २०३,९९७.५० | १३९,८३०.०० | ६४,१६७.५० | २०३,९९७.५० | १११,०००.०० | ९२,९९७.५० | १९६,००२.५० |

Printed By: remad — Printed Date: Jul 23, 2024 11:19 AM — Page 1 of 3

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **२००,०००.००** | **५०,००२.००** | **५०,००२.००** | **०.००** | **५०,००२.००** | **०.००** | **५०,००२.००** | **१४९,९९८.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ५०,००२.०० | ५०,००२.०० | ०.०० | ५०,००२.०० | ०.०० | ५०,००२.०० | १४९,९९८.०० |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **६००,०००.००** | **२५६,३००.००** | **२५६,३००.००** | **०.००** | **२५६,३००.००** | **०.००** | **२५६,३००.००** | **३४३,७००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | २५६,३००.०० | २५६,३००.०० | ०.०० | २५६,३००.०० | ०.०० | २५६,३००.०० | ३४३,७००.०० |
| **22314 इन्धन - अन्य प्रयोजन** | | | | | **१००,०००.००** | **३८,०४७.००** | **३८,०४७.००** | **०.००** | **३८,०४७.००** | **०.००** | **३८,०४७.००** | **६१,९५३.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ३८,०४७.०० | ३८,०४७.०० | ०.०० | ३८,०४७.०० | ०.०० | ३८,०४७.०० | ६१,९५३.०० |
| **22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | | | **१००,०००.००** | **५९,१६५.००** | **५९,१६५.००** | **०.००** | **५९,१६५.००** | **०.००** | **५९,१६५.००** | **४०,८३५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ५९,१६५.०० | ५९,१६५.०० | ०.०० | ५९,१६५.०० | ०.०० | ५९,१६५.०० | ४०,८३५.०० |
| **22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च** | | | | | **३००,०००.००** | **१४८,५००.००** | **१११,३७५.००** | **३७,१२५.००** | **१४८,५००.००** | **०.००** | **१४८,५००.००** | **१५१,५००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १४८,५००.०० | १११,३७५.०० | ३७,१२५.०० | १४८,५००.०० | ०.०० | १४८,५००.०० | १५१,५००.०० |
| **22413 करार सेवा शुल्क** | | | | | **१,४००,०००.००** | **१,३८५,४९७.००** | **१,२८०,८६९.००** | **१०४,६२८.००** | **१,३८५,४९७.००** | **०.००** | **१,३८५,४९७.००** | **१४,५०३.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | १,३८५,४९७.०० | १,२८०,८६९.०० | १०४,६२८.०० | १,३८५,४९७.०० | ०.०० | १,३८५,४९७.०० | १४,५०३.०० |
| **22419 अन्य सेवा शुल्क** | | | | | **२००,०००.००** | **१८६,०००.००** | **१७८,५००.००** | **७,५००.००** | **१८६,०००.००** | **०.००** | **१८६,०००.००** | **१४,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १८६,०००.०० | १७८,५००.०० | ७,५००.०० | १८६,०००.०० | ०.०० | १८६,०००.०० | १४,०००.०० |
| **22511 कर्मचारी तालिम खर्च** | | | | | **२,९००,०००.००** | **२,६७९,९६४.२०** | **२,६७९,९६४.२०** | **०.००** | **२,६७९,९६४.२०** | **८९,०००.००** | **२,५९०,९६४.२०** | **२२०,०३५.८०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | २,६७९,९६४.२० | २,६७९,९६४.२० | ०.०० | २,६७९,९६४.२० | ८९,०००.०० | २,५९०,९६४.२० | २२०,०३५.८० |
| **22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च** | | | | | **१,७००,०००.००** | **१,०२१,६९२.००** | **९६३,१९२.००** | **५८,५००.००** | **१,०२१,६९२.००** | **२००,०००.००** | **८२१,६९२.००** | **६७८,३०८.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,७००,०००.०० | १,०२१,६९२.०० | ९६३,१९२.०० | ५८,५००.०० | १,०२१,६९२.०० | २००,०००.०० | ८२१,६९२.०० | ६७८,३०८.०० |
| **22611 अनुगमन, मूल्यांकन खर्च** | | | | | **२००,०००.००** | **१९७,६४५.०५** | **१९७,६४५.०५** | **०.००** | **१९७,६४५.०५** | **०.००** | **१९७,६४५.०५** | **२,३५४.९५** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १९७,६४५.०५ | १९७,६४५.०५ | ०.०० | १९७,६४५.०५ | ०.०० | १९७,६४५.०५ | २,३५४.९५ |
| **22612 भ्रमण खर्च** | | | | | **१००,०००.००** | **३०,५४३.००** | **३०,५४३.००** | **०.००** | **३०,५४३.००** | **०.००** | **३०,५४३.००** | **६९,४५७.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ३०,५४३.०० | ३०,५४३.०० | ०.०० | ३०,५४३.०० | ०.०० | ३०,५४३.०० | ६९,४५७.०० |
| **22711 विविध खर्च** | | | | | **३००,०००.००** | **२६७,४७३.९०** | **२२२,८२६.००** | **४४,६४७.९०** | **२६७,४७३.९०** | **१०,०००.००** | **२५७,४७३.९०** | **३२,५२६.१०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | २६७,४७३.९० | २२२,८२६.०० | ४४,६४७.९० | २६७,४७३.९० | १०,०००.०० | २५७,४७३.९० | ३२,५२६.१० |
| **जम्मा** | | | | | **२०,२००,०००.००** | **१५,४३१,०६१.८०** | **१४,४४५,०५६.२०** | **९८६,००५.६०** | **१५,४३१,०६१.८०** | **४२७,०००.००** | **१५,००४,०६१.८०** | **४,७६८,९३८.२०** |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार** | **२०,२००,०००.००** | **१५,४३१,०६१.८०** | **१४,४४५,०५६.२०** | **९८६,००५.६०** | **१५,४३१,०६१.८०** | **४२७,०००.००** | **१५,००४,०६१.८०** | **४,७६८,९३८.२०** |
| 01-नगद | २०,२००,०००.०० | १५,४३१,०६१.८० | १४,४४५,०५६.२० | ९८६,००५.६० | १५,४३१,०६१.८० | ४२७,०००.०० | १५,००४,०६१.८० | ४,७६८,९३८.२० |
| **जम्मा** | **२०,२००,०००.००** | **१५,४३१,०६१.८०** | **१४,४४५,०५६.२०** | **९८६,००५.६०** | **१५,४३१,०६१.८०** | **४२७,०००.००** | **१५,००४,०६१.८०** | **४,७६८,९३८.२०** |

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
रेड कार्यान्वयन केन्द्र
कार्यालय कोड नं : ३२९०१३५०३

म.ले.प. फाराम नं:२१०

## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३२९०८१०५३

आयोजना/कार्यक्रम नाम: समृद्धिका लागि वन

आर्थिक वर्ष: २०८०/८१

महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22111 पानी तथा बिजुली** | | | | | **२००,०००.००** | **१७६,०२४.००** | **११९,५३६.००** | **५६,४८८.००** | **१७६,०२४.००** | **०.००** | **१७६,०२४.००** | **२३,९७६.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | २००,०००.०० | १७६,०२४.०० | ११९,५३६.०० | ५६,४८८.०० | १७६,०२४.०० | ०.०० | १७६,०२४.०० | २३,९७६.० |
| **22112 संचार महसुल** | | | | | **५००,०००.००** | **२४५,६०६.००** | **२२५,४६१.००** | **२०,१४५.००** | **२४५,६०६.००** | **०.००** | **२४५,६०६.००** | **२५४,३९४.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ५००,०००.०० | २४५,६०६.०० | २२५,४६१.०० | २०,१४५.०० | २४५,६०६.०० | ०.०० | २४५,६०६.०० | २५४,३९४.० |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **७००,०००.००** | **४७०,५८६.२३** | **३६६,४५६.०८** | **१०४,१३०.१५** | **४७०,५८६.२३** | **०.००** | **४७०,५८६.२३** | **२२९,४१३.७** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ७००,०००.०० | ४७०,५८६.२३ | ३६६,४५६.०८ | १०४,१३०.१५ | ४७०,५८६.२३ | ०.०० | ४७०,५८६.२३ | २२९,४१३.७ |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **६००,०००.००** | **४२८,६७८.२७** | **२९१,३८२.००** | **१३७,२९६.२७** | **४२८,६७८.२७** | **०.००** | **४२८,६७८.२७** | **१७१,३२१.७** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ६००,०००.०० | ४२८,६७८.२७ | २९१,३८२.०० | १३७,२९६.२७ | ४२८,६७८.२७ | ०.०० | ४२८,६७८.२७ | १७१,३२१.७ |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **१००,०००.००** | **६६,९९३.००** | **६६,९९३.००** | **०.००** | **६६,९९३.००** | **०.००** | **६६,९९३.००** | **३३,००७.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | १००,०००.०० | ६६,९९३.०० | ६६,९९३.०० | ०.०० | ६६,९९३.०० | ०.०० | ६६,९९३.०० | ३३,००७.० |
| **22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च** | | | | | **६००,०००.००** | **५८६,१७६.००** | **१५,२५०.००** | **५७०,९२६.००** | **५८६,१७६.००** | **०.००** | **५८६,१७६.००** | **१३,८२४.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ६००,०००.०० | ५८६,१७६.०० | १५,२५०.०० | ५७०,९२६.०० | ५८६,१७६.०० | ०.०० | ५८६,१७६.०० | १३,८२४.० |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **५००,०००.००** | **४९२,८२६.५०** | **३३६,८५४.००** | **१५५,९७२.५०** | **४९२,८२६.५०** | **०.००** | **४९२,८२६.५०** | **७,१७३.५** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ५००,०००.०० | ४९२,८२६.५० | ३३६,८५४.०० | १५५,९७२.५० | ४९२,८२६.५० | ०.०० | ४९२,८२६.५० | ७,१७३.५ |
| **22314 इन्धन - अन्य प्रयोजन** | | | | | **१००,०००.००** | **२६,४७८.००** | **२६,४७८.००** | **०.००** | **२६,४७८.००** | **०.००** | **२६,४७८.००** | **७३,५२२.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | १००,०००.०० | २६,४७८.०० | २६,४७८.०० | ०.०० | २६,४७८.०० | ०.०० | २६,४७८.०० | ७३,५२२.० |
| **22315 पत्रपत्रिका, छपाई तथा सूचनाप्रकाशन खर्च** | | | | | **१००,०००.००** | **२९,०००.००** | **१७,०००.००** | **१२,०००.००** | **२९,०००.००** | **०.००** | **२९,०००.००** | **७१,०००.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | १००,०००.०० | २९,०००.०० | १७,०००.०० | १२,०००.०० | २९,०००.०० | ०.०० | २९,०००.०० | ७१,०००.० |
| **22319 अन्य कार्यालय संचालन खर्च** | | | | | **६००,०००.००** | **५०१,८०३.८०** | **८०,०००.००** | **४२१,८०३.८०** | **५०१,८०३.८०** | **०.००** | **५०१,८०३.८०** | **९८,१९६.२** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | ६००,०००.०० | ५०१,८०३.८० | ८०,०००.०० | ४२१,८०३.८० | ५०१,८०३.८० | ०.०० | ५०१,८०३.८० | ९८,१९६.२ |
| **22411 सेवा र परामर्श खर्च** | | | | | **२२,३००,०००.००** | **१२,९१९,७९६.५०** | **९,४०७,२४४.००** | **३,५१२,५५२.५०** | **१२,९१९,७९६.५०** | **४१०,०३३.००** | **१२,५०९,७६३.५०** | **९,३८०,२०३.५** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | २२,३००,०००.०० | १२,९१९,७९६.५० | ९,४०७,२४४.०० | ३,५१२,५५२.५० | १२,९१९,७९६.५० | ४१०,०३३.०० | १२,५०९,७६३.५० | ९,३८०,२०३.५ |
| **22419 अन्य सेवा शुल्क** | | | | | **२,०००,०००.००** | **१२७,४८३.००** | **७८,७५०.००** | **४८,७३३.००** | **१२७,४८३.००** | **१०,०३३.००** | **११७,४५०.००** | **१,८७२,५१७.०** |
| | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान | | | २,०००,०००.०० | १२७,४८३.०० | ७८,७५०.०० | ४८,७३३.०० | १२७,४८३.०० | १०,०३३.०० | ११७,४५०.०० | १,८७२,५१७.० |

Printed By: remad

Printed Date: Jul 23, 2024 11:19 AM

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह |  | द्वितीय तह |  | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि |  |  |  |  |  |  |  |  |
| 22511 कर्मचारी तालिम खर्च |  |  |  |  | १,३००,०००.०० | ९१६,२०८.०० | ८७२,७०८.०० | ४३,५००.०० | ९१६,२०८.०० | ०.०० | ९१६,२०८.०० | ३८३,७९२.०० |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | १,३००,०००.०० | ९१६,२०८.०० | ८७२,७०८.०० | ४३,५००.०० | ९१६,२०८.०० | ०.०० | ९१६,२०८.०० | ३८३,७९२.०० |
| 22512 सीप विकास तथा जनचेतना तालिम तथा गोठी सम्बन्धी खर्च |  |  |  |  | १९,७००,०००.०० | १४,८२९,७००.३२ | ९,६०४,५४९.०० | ५,२२५,१५१.३२ | १४,८२९,७००.३२ | ३५५,०००.०० | १४,४७४,७००.३२ | ४,८७०,२९९.६८ |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | १९,७००,०००.०० | १४,८२९,७००.३२ | ९,६०४,५४९.०० | ५,२२५,१५१.३२ | १४,८२९,७००.३२ | ३५५,०००.०० | १४,४७४,७००.३२ | ४,८७०,२९९.६८ |
| 22522 कार्यक्रम खर्च |  |  |  |  | १,६००,०००.०० | १,४८२,०७३.०० | ५१६,११०.०० | ९६५,९६३.०० | १,४८२,०७३.०० | ०.०० | १,४८२,०७३.०० | ११७,९२७.०० |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | १,६००,०००.०० | १,४८२,०७३.०० | ५१६,११०.०० | ९६५,९६३.०० | १,४८२,०७३.०० | ०.०० | १,४८२,०७३.०० | ११७,९२७.०० |
| 22611 अनुगमन, मूल्यांकन खर्च |  |  |  |  | १,०००,०००.०० | ५२५,२५३.०० | १६४,६१०.०० | ३६०,६४३.०० | ५२५,२५३.०० | ०.०० | ५२५,२५३.०० | ४७४,७४७.०० |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | १,०००,०००.०० | ५२५,२५३.०० | १६४,६१०.०० | ३६०,६४३.०० | ५२५,२५३.०० | ०.०० | ५२५,२५३.०० | ४७४,७४७.०० |
| 22612 भ्रमण खर्च |  |  |  |  | २,०००,०००.०० | १,९८१,२८१.०० | ५३६,३२१.०० | १,४४४,९६०.०० | १,९८१,२८१.०० | १,३५९,६४८.०० | ६२१,६३३.०० | १८,७१९.०० |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | २,०००,०००.०० | १,९८१,२८१.०० | ५३६,३२१.०० | १,४४४,९६०.०० | १,९८१,२८१.०० | १,३५९,६४८.०० | ६२१,६३३.०० | १८,७१९.०० |
| 22711 विविध खर्च |  |  |  |  | ३००,०००.०० | २९७,२३७.९३ | २६६,५१५.९३ | ३०,७२२.०० | २९७,२३७.९३ | ०.०० | २९७,२३७.९३ | २,७६२.०७ |
|  | 2103003-वर्ल्ड बैंक - ट्रष्ट कोष | 33-शोधभर्ना हुने अनुदान |  |  | ३००,०००.०० | २९७,२३७.९३ | २६६,५१५.९३ | ३०,७२२.०० | २९७,२३७.९३ | ०.०० | २९७,२३७.९३ | २,७६२.०७ |
| जम्मा |  |  |  |  | ५४,२००,०००.०० | ३६,१०३,२०४.५५ | २२,९९२,२१८.०१ | १३,११०,९८६.५४ | ३६,१०३,२०४.५५ | २,१३४,७१४.०० | ३३,९६८,४९०.५५ | १८,०९६,७९५.४५ |

स्रोतगत जम्मा

|  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|
| 2103003-वर्ल्ड बैंक -ट्रष्ट कोष | ५४,२००,०००.०० | ३६,१०३,२०४.५५ | २२,९९२,२१८.०१ | १३,११०,९८६.५४ | ३६,१०३,२०४.५५ | २,१३४,७१४.०० | ३३,९६८,४९०.५५ | १८,०९६,७९५.४५ |
| 33-शोधभर्ना हुने अनुदान | ५४,२००,०००.०० | ३६,१०३,२०४.५५ | २२,९९२,२१८.०१ | १३,११०,९८६.५४ | ३६,१०३,२०४.५५ | २,१३४,७१४.०० | ३३,९६८,४९०.५५ | १८,०९६,७९५.४५ |
| जम्मा | ५४,२००,०००.०० | ३६,१०३,२०४.५५ | २२,९९२,२१८.०१ | १३,११०,९८६.५४ | ३६,१०३,२०४.५५ | २,१३४,७१४.०० | ३३,९६८,४९०.५५ | १८,०९६,७९५.४५ |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ........
नाम :
पदः
मिति :

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)